Summa Rehab Hospital
29 नर्थ एडम्स स्ट्रीट
एक्रोन, ओहायो 44304

# अस्पतालको बिलिङ र सङ्कलन नीति

## उद्देश्य:

यस नीतिले सुम्मा पुनर्स्थापना अस्पतालको बिरामी बिलिङ र सङ्कलन प्रक्रियाहरू प्रस्तुत गर्दछ। यो नीति अस्पताल, केन्द्रीय बिलिङ कार्यालय (CBO) र अस्पतालसँग संलग्न कुनै पनि सङ्कलन एजेन्सीहरूमा लागु हुनेछ।

## सिद्धान्तहरू:

सुम्मा पुनर्स्थापना अस्पताल हाम्रा समुदायका मानिसहरूको पुनर्स्थापना सम्बन्धी आवश्यकताहरू पूरा गर्न संचालित छ। राम्रोसँग सेवा गर्ने हाम्रो क्षमताका लागि समुदायसँग विश्वास र करुणामा आधारित सम्बन्ध चाहिन्छ। निम्न सिद्धान्तहरूको उद्देश्य त्यो सम्बन्धलाई मजबुत बनाउनु र बिरामीहरूलाई हेरचाह गर्ने हाम्रो प्रतिबद्धतालाई आश्वस्त पार्नु हो।

### प्रभावकारी रूपमा सञ्चार गर्नुहोस्:

- यस अस्पताल सबै बिरामीहरूलाई समतामूल, करुणा, मर्यादा र सम्मानका साथ व्यवहार गर्ने तरिकामा आर्थिक दायित्वहरू र उपलब्ध आर्थिक सहायता विकल्पहरू सञ्चार गर्न प्रतिबद्ध छ।
- अस्पतालले बिरामीहरूलाई उनीहरूको अस्पतालको बिलको सम्बन्धमा आर्थिक परामर्श प्रदान गर्नेछ र बिलिङ सम्बन्धी प्रश्नहरू र आर्थिक सहायताका लागि अनुरोधहरूको तुरुन्त जवाफ दिनेछ।
- अनुरोध गर्दा सेवाहरूका लागि के शुल्क लाग्छ भन्ने बारेमा अस्पतालले अर्थपूर्ण ढाँचामा विशेष जानकारी उपलब्ध गराउने छ।
- अस्पतालले आर्थिक सहायता नीति र आर्थिक सहायता आवेदन अस्पतालको वेबसाइटमा प्रकाशित गर्नेछ। यो अस्पतालको अनुरोधमा पनि उपलब्ध हुनेछ।

### बिरामीहरूलाई कभरेजका लागि योग्य बनाउन मद्दत गर्नुहोस्:

- अस्पतालले बिरामीहरूलाई आर्थिक परामर्श प्रक्रिया मार्फत कभरेजको सम्भावित स्रोतहरू पहिचान गर्न मद्दत गर्न प्रयास गर्नेछ र उनीहरू सार्वजनिक सहायता कार्यक्रम वा अस्पतालमा आधारित सहायता कार्यक्रमका लागि योग्य छन् कि छैनन् भनेर निर्धारण गर्न मद्दत गर्नेछ। अस्पतालले बिरामीहरूलाई कभरेजको लागि आवेदन दिन मद्दत गर्नेछ वा बिरामीहरूलाई अन्य सेवाहरूमा निर्देशित गर्नेछ जसले उनीहरूलाई भर्ना हुन मद्दत गर्न सक्छ।
- अस्पतालले अस्पतालमा आधारित च्यारिटी सेवा अभ्यासहरू र आर्थिक सहायताका थाहा भएका अन्य कार्यक्रमहरूमा सार्वजनिक जानकारी उपलब्ध गराउने छ र बिरामीहरूलाई यो जानकारी बुझ्न सजिलो हुने तरिकाले सञ्चार गर्नेछ।
- अस्पतालले यी अभ्यासहरू उपयुक्त सामुदायिक स्वास्थ्य तथा मानव सेवा एजेन्सी र आवश्यक परेका मानिसहरूलाई सहयोग गर्ने अन्य संस्थाहरूसँग साझा गर्नेछ।

Summa Health
Summa Rehab Hospital
29 नर्थ एडम्स स्ट्रीट
एक्रोन, ओहायो 44304

**सीमित साधन भएका बिरामीहरूको हेरचाहलाई अझै सहज बनाउनुहोस्:**

- अस्पतालले हालका सबै शुल्कहरूको समीक्षा गर्नुका साथै सेवा र प्रक्रियाहरूका शुल्कहरू उचित छन् भनी सुनिश्चित गर्नेछ।
- अस्पतालले केसहरूका आधारमा एकै किस्तामा आफ्नो खाताको ब्यालेन्स भुक्तानी गर्न कठिनाई हुन सक्ने सङ्केत गर्ने बिरामीहरूका लागि भुक्तानी योजना व्यवस्था स्वीकृत गर्न सक्छ।
- बिरामी आर्थिक सहायताका लागि योग्य नभएमा अस्पतालले आर्थिक कठिनाईका फरक फरक केसहरू पहिचान गर्न सक्छ र अस्पतालबाट आर्थिक परामर्श प्राप्त गरेपछि अस्पतालको मापदण्ड अन्तर्गत यस्तो छुटका लागि योग्य हुन निर्धारण गरेका बिरामीहरूलाई छुट प्रदान गर्न सक्छ। त्यस्ता छुटहरू आर्थिक सहायता नीतिको भाग होइनन् र आर्थिक सहायता छुटहरूसँग जोडिएको नहुन सक्छन्।

**निष्पक्ष बिलिङ र सङ्कलन अभ्यासहरू सुनिश्चित गर्नुहोस्**

- अस्पतालले स्पष्ट, संक्षिप्त र सही बिरामीमैत्री बिलिङ प्रक्रियाहरूको पालना गर्नेछ।
- बिरामी खाता ब्यालेन्स सङ्कलन गर्न अस्पतालले तेस्रो पक्ष ऋण सङ्कलन कम्पनीहरूसँग सम्झौता गर्न सक्छ। अस्पतालले कुनै पनि सम्झौता गरिएको तेस्रो पक्ष ऋण सङ्कलन कम्पनीलाई अस्पताल बिलिङ र सङ्कलन नीति र निष्पक्ष ऋण सङ्कलन अभ्यास ऐनको पालनामा सञ्चालन गर्न आवश्यक ठान्नेछ।
- अस्पतालले अस्पतालप्रति जनताको उच्च अपेक्षाहरूलाई प्रतिबिम्बित गर्दै बिरामीको खाताको ब्यालेन्स निष्पक्ष र निरन्तर रूपमा खोजी गर्ने कुरा सुनिश्चित गर्नेछ।

**<u>परिभाषाहरू:</u>**

**बिरामी:** मेडिकल उपचार प्राप्त गर्ने व्यक्ति र/वा स्वतन्त्र नाबालिग वा अन्य आश्रितको हकमा बिरामीको आर्थिक रूपमा जिम्मेवार आमाबाबु, कानुनी अभिभावक वा अन्य व्यक्ति (ग्यारेन्टर)।

**समेटिएका सेवाहरू:** अस्पतालद्वारा प्रदान गरिएको चिकित्सकीय रूपमा आवश्यक हेरचाह। समेटिएका सेवाहरूले मेडिकल रूपमा आवश्यक नभएका सेवाहरू वा "निजी रूपमा" बिल गर्ने चिकित्सकहरू वा अन्य स्वास्थ्य सेवा प्रदायकहरूद्वारा प्रदान गरिएको हेरचाह समावेश गर्दैन।

**आर्थिक सहायता:** आर्थिक सहायता नीतिको सर्तहरू अन्तर्गत कभर गरिएका सेवाहरूका लागि योग्य व्यक्तिको आर्थिक जिम्मेवारी घटाउने।

**आर्थिक सहायता नीति**: योग्य बिरामीहरूलाई निःशुल्क वा सहुलियतपूर्ण आकस्मिक वा अन्य चिकित्सकीय रूपमा आवश्यक हेरचाह प्रदान गर्ने अस्पतालको प्रक्रियाहरूलाई व्याख्या गर्ने नीति जसमा योग्यता मापदण्ड, शुल्कको हिसाब गर्ने आधार र आर्थिक सहायताका लागि आवेदन गर्ने प्रक्रियाहरू समावेश छन्।

**उचित सङ्कलन प्रयासहरू:** उचित सङ्कलन प्रयासहरूमा बिलिङ विवरणहरू, फोन कलहरू, पत्रहरू, इलेक्ट्रोनिक मेलहरू, पाठ सन्देशहरू समावेश हुन सक्छन् तर यतिमा मात्र सीमित छैनन्।

Summa Health

Summa Rehab Hospital

29 नर्थ एडम्स स्ट्रीट
एक्रोन, ओहायो 44304

## नीति:

### साधारण:

- अस्पतालले सामान्यतया बिरामीहरू र तेस्रो पक्षका भुक्तानीकर्ताहरूले कटौतीयोग्य, सहबीमा र सहभुक्तानीहरू आदि लगायत पूर्ण रूपमा आर्थिक दायित्वहरू पूरा गर्ने अपेक्षा गर्दछ।
- यस नीतिको प्रावधान र लागु हुने कानूनको पालना मुताविक अस्पतालले बिरामी वा तेस्रो पक्षका भुक्तानीकर्ताहरूबाट भुक्तानी नगरी खाता ब्यालेन्सको भुक्तानी प्राप्त गर्न आवश्यक कानुनी कारबाही गर्ने अधिकार सुरक्षित गर्दछ।
- अनुरोध गरिएमा अस्पतालले वस्तुगत बिलिङ विवरणहरू समयमै प्रदान गर्नेछ।
- अस्पतालले प्रत्येक बिरामीको खातामा बिलिङ र सङ्कलन प्रयासहरू कागज गर्न रेकर्डहरू राख्नेछ। त्यस्ता रेकर्डहरू अस्पतालको लागु हुने गोपनीयता र कागजात यथावत गर्ने नीति अनुसार हुनेछन्।
- बिरामीको जिम्मेवारीहरूमा निम्न समावेश छन्:
  a) अस्पताललाई समयमै पूर्ण, बीमा, जनसांख्यिकीय र आर्थिक जानकारी प्रदान गर्ने
  b) अस्पताललाई भुक्तानीको सम्भावित तेस्रो पक्ष स्रोतहरू जस्तै कामदारको क्षतिपूर्ति, अटोमोबाइल वा अन्य दायित्व बीमा वा मुद्दा फिर्ताको बारेमा सूचित गर्ने।
  c) उनीहरूलाई सहुलियतपूर्ण कभरेज उपलब्ध छ भने स्वास्थ्य बीमा कभरेज प्राप्त गर्ने र कायम राख्ने र कुनै पनि लागु हुने सहभुक्तानी, कटौतीयोग्य र सहबीमा भुक्तानी गर्ने।
  d) नेटवर्क सीमाहरू, रेफरल र पूर्व स्वीकृतिका आवश्यकताहरू एवं दाबीका फारमहरू समयमै पेश गर्ने लगायत उनीहरूको स्वास्थ्य बीमा कभरेजको आवश्यकता र सीमाहरू बुझ्ने र पालना गर्ने।
  e) बिरामीको स्वास्थ्य बीमा र/वा अस्पतालद्वारा प्रदान गरिएका सेवाका लागि अस्पताललाई क्षतिपूर्ति दिन आवश्यक पर्ने जानकारीका अनुरोधहरूको समयमै जवाफ दिने।
  f) सहमत गरिएको भुक्तानी योजना सर्तहरूको पालना गर्ने।
  g) आर्थिक सहायता खोज्ने बिरामीहरूको लागि पूर्ण र समयमै आर्थिक सहायता आवेदन पेश गर्ने र मेडिकेड वा अन्य सरकारी कार्यक्रमहरू जस्ता अन्य कभरेजका लागि आवेदनहरूमा अनुरोध गरिए अनुसार सहयोग गर्ने।

### बिरामी खाता ब्यालेन्सको बिलिङ र संकलन:

- प्रदान गरिने सेवाहरूको लागि बिरामीको कभरेज प्रमाणित गर्न अस्पतालले उचित प्रयास गर्नेछ।
- सामान्यतया, बिरामीहरूले तेस्रो पक्ष भुक्तानीकर्ताले भुक्तानी नगरेको कुनै पनि खाता ब्यालेन्स समयमै भुक्तानी गर्ने अपेक्षा गरिन्छ। आकस्मिक बाहेकका स्वास्थ्य सेवाहरू चाहने बिरामीहरूलाई सहभुक्तानी, कटौतीयोग्य र सहबीमा रकम लगायत तेस्रोपक्षका भुक्तानीकर्ताहरूले कभर नगर्ने सेवाहरूको लागि अग्रिम भुक्तानी गर्न अनुरोध गर्न सकिन्छ।
- अस्पतालले लागु हुने कानुनको आवश्यकता र लागु हुने तेस्रो पक्ष दाता सम्झौताका सर्तहरू अनुसार तेस्रो पक्ष भुक्तानीकर्ताहरूलाई बिल गर्नेछ।

Summa Rehab Hospital
29 नर्थ एडम्स स्ट्रीट
एक्रोन, ओहायो 44304
ओहायो 44304

- बिरामीको बाँकी रहेको ब्यालेन्स निर्धारण भएपछि अस्पतालले ब्यालेन्स सङ्कलन गर्ने प्रयासमा उचित सङ्कलन प्रयासहरू सुरु गर्नेछ। सामान्यतया, ब्यालेन्स पूर्ण रूपमा भुक्तानी नभएसम्म वा प्रयासहरू समाप्त नभएसम्म सङ्कलन प्रयासहरू जारी रहने छ।
- सबै बिरामी बिलिङ विवरणहरूमा आर्थिक सहायता नीति र आर्थिक सहायता आवेदनका प्रतिलिपिहरू कसरी प्राप्त गर्ने भन्ने जानकारी लगायत आर्थिक सहायता नीति सम्बन्धी सूचना समावेश हुनेछ।
- आर्थिक सहायताका लागि योग्य पाइएका बिरामीहरूलाई बिरामीले तिर्नुपर्ने रकम भन्दाबढी रकम भएमा त्यस्ता बिरामी भुक्तानीहरू फिर्ता गरिने छ।